२०७०।१०।२९

बैठक संख्या–१२ समय । बिहान ६:०० बजे

उपस्थिती

श्री भोजराज खतिवडा-कार्यकारी अधिकृत- धरान नगरपालिका

आज मिति २०७०।१०।२९ गते बुधवार धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णय गरियो।

(१) धरान नगरपालिकाको यस आ॰ व॰ ०७०।७१ को विनियोजित बजेट बमोजिम तपसिलका योजनाहरु रु ५०,०००००।- (पचास लाख) भन्दा बढि लागत अनुमान भएका योजनाहरु बोर्ड बैठकबाट स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

(क) धरान-१४ को चोम्जोङ् पथको ढल र ~~स्ल्याब~~ ~~स्ल्याब~~ मिसेक निर्माण रु ७३,९२,४३८।३८ (त्रिहत्तर लाख बयानब्बे हजार चार सय अठतीस पैसा अठतीस मात्र)

(ख) धरान-१४ को नया सडकको बाटोमा कालो पत्र निर्माणको रु ६३,२८,१५६।५६ (रु त्रिसट्ठी लाख, अट्ठाइस हजार, एकसय छपन्न पैसा छपन्न मात्र)

निर्णय नं. २. **Team Leader** परिवर्तन भएको सम्बन्धमा ।

एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरानको खानेपानी परियोजनाको लागि डिजाईन तथा सुपरभिजन कन्सल्टेण्टको लागि नियुक्त भएका Building Design Authority(P) LTD, Kamaladi, Kathmandu, Nepal ले मिति २०७०|१०|०८ गते पेश गरेको निवेदन अनुसार यस अघि प्राविधिक प्रस्तावमा Team Leader/Water Supply Engineer को लागि प्रस्ताव गरेको Dhruba Bahadur Shrestha को ठाउमा Murari Lal Chaudhary(Tharu) लाई प्रस्ताव गरेकोमा प्रस्तावित नयां Team Leader/Water Supply Engineer को योग्यता र अनुभवहरुलाई मूल्यांकन समितिबाट विस्तृत अध्ययन एवं मूल्यांकन हुंदा पूर्व प्रस्तावित Team Leader/Water Supply Engineer श्री Dhruba Bahadur Shrestha को बराबर अंक नयां प्रस्तावित Murari Lal Chaudhary(Tharu) ले पनि प्राप्त गरेको पाईएकोले नयां प्रस्तावित Team Leader/Water Supply Engineer श्री मुरारीलाल चौधरी(थारु)लाई सहमतिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. मोटरसाईकल खरिद सम्बन्धमा ।

एकिकृत शहरी विकास आयोजना, कार्यान्वयन एकाई धरानको लागि एक थान मोटरसाईकल खरिद गर्न अति आवश्यक देखिएकोले एकिकृत शहरी विकास आयोजनाको बजेटबाट एक थान यमाहाको १५० सीसीको मोटरसाईकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. पर्दा खरिद सम्बन्धमा ।

धरान नगरपालिका कार्यालयमा र कार्यकारी आवास गृहमा लगाइएका पर्दाहरु पुरानो भै च्यातिएको अवस्थामा पुगेको र फेर्नुपर्ने भएकोले आ.व.२०७०|२०७१ को बजेटबाट प्राविधिकको लागत स्टीमेट बमोजिमको पर्दा खरिद गर्ने गर्ने निर्णय गरियो ।

आजको बोर्ड बैठक बिहान १०:०० बजे समाप्त गरियो ।